का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ साउन २०८०,
शुक्रबार
28 July 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८३ । पृष्ठ ८ Madhyanha Natio www.madhyanhadaily.com


## देउवा, प्रचण्ड र नेपालमाथि

# नैतिक प्रश्न

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

सर्वोच्च अदालतले उद्धव थापा नेतृत्वको कोशी प्रदेश सरकार गठन असंवैधानिक ठहर गरेको छ। मुख्यमन्त्री नियुक्ति प्रक्रिया असंवैधानिक रहेको भन्दै सर्वोच्च अदालतले उद्धव थापालाई मुख्यमन्त्री नियुक्त गरिएको प्रक्रियालाई उत्प्रेषणको आदेशले बदर गरेको हो ।

साथै अदालतले नयाँ सरकार गठनका लागि परमादेश समेत दिएको छ। साउन १७ भित्र नयाँ मुख्यमन्त्री नियुक्त गर्ने गरी प्रक्रिया प्रारम्भ गर्न पनि सर्वोच्चले परमादेश दिएको छ ।

कोशी प्रदेश कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई असंवैधानिक रुपमा मुख्यमन्त्री नियुक्त गरिएको भन्दै पूर्व मुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीका तर्फबाट सर्वोच्च अदालतमा असार २२ गते रिट निवेदन दर्ता गरिएको थियो ।

न्यायाधीशहरु ईश्वर प्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासले रिट निवेदक कार्कीको पक्षमा फैसला

>>> पृष्ठ २ मा

> सर्वोच्चको आदेशसँगै विगतमा संविधान र लोकतन्त्रको बचाउका लागि भनेर गठबन्धन बनाएका कांग्रेस सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपालमाथि नै नैतिक प्रश्न उठेको हो ।





## फेरि राप्रपाकै कोर्टमा बल

सर्वोच्च अदालतले उद्धव थापा नेतृत्वको कोशी प्रदेश सरकार गठन असंवैधानिक ठहर गर्दै नयाँ सरकार गठनका लागि परमादेश दिएको छ । पूर्ण इजलासले साउन १७ गतेभित्र नयाँ मुख्यमन्त्री नियुक्ति भइसक्ने गरी प्रक्रिया अघि बढाउन पनि परमादेश जारी गरेको छ ।

कोशी प्रदेशसभामा एमाले र राप्रपाबीच तालमेल देखिन्छ । यी दुई दलसँग ४६ सांसद छन् । अर्कोतिर नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहितको गठबन्धनसँग पनि जम्मा ४६ सांसदमात्र छन् ।

दुवैतिर प्रस्ट बहुमत नभएका कारण यसअघि कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री बन्नका लागि सभामुख बाबुराम गौतमको समेत हस्ताक्षर प्रयोग गरी आफ्नो पक्षमा ४७ सांसदको समर्थन देखाएका थिए । >>> पृष्ठ २ मा




# फेरि नेतृत्वविहीन बन्दै न्यायालय



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

झण्डै डेढ वर्ष कामु प्रधानन्यायाधीशको भरमा चलेको सर्वोच्च अदालत फेरि उहि नियत्तिमा पुग्दैछ। एक सातापछि प्रधानन्यायाधीश हरिकृष्ण कार्की उमेरहदका कारण अनिवार्य अबकासमा जाँदैछन्। तर अझै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीश सिफारिस गर्नेतर्फ कुनै चासो दिएको छैन ।

संविधानत: प्रधानन्यायाधीशले अवकाश पाउनु एक महिना अगौ नयाँ प्रधानन्यायाधीश सिफारिस भइसक्नुपर्ने हो । संविधानको धारा २८४(३) मा संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने' भनेको छ ।

मृत्यु भई वा राजीनामा दिई पद रिक्त भएको अवस्थामा भने एक महिनाभित्र पदपूर्ति हुनेगरी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ । तर संविधानिक प्रावधान फेरि उल्लंघन हुने भएको छ। फेरि सर्वोच्च अदालतलाई कामुकै भरमा चलाउन खोजिएको छ। ६५ वर्षको उमेर हदका कारण प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले अवकास पाउनै लाग्दा नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्न ढिलाइ भइरहेको छ ।

> एक सातापछि प्रधानन्यायाधीश हरिकृष्ण कार्की उमेरहदका कारण अनिवार्य अबकासमा जाँदैछन् । तर अझै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीश सिफारिस गर्नेतर्फ कुनै चासो दिएको छैन ।

कार्की गत जेठ २९ गते प्रधानन्यायाधीश नियुक्त भएका थिए। त्यसअघि कार्की कामु प्रधानन्यायाधीश थिए । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा महाअभियोग प्रस्ताव दर्ता >>> पृष्ठ २ मा

# सर्तसहित मिटरब्याज विधेयक पारित

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

राष्ट्रिय सभाले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी 'मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनसहित पुन: पारित भएको छ ।

यो संगै मिटरब्याज सम्बन्धी कानुन निर्माण प्रक्रियाले संसदीय प्रक्रिया पुरा गरेको छ। अब राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले प्रमाणित गरेर राष्ट्रपतिकहाँ पठाउनेछन् । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयकले कानुनको रुप लिन्छ र कार्यान्वयनमा आउनेछ। विधेयक पारित भएसँगै राष्ट्रपतिबाट प्रमाणीकरणका लागि बाटो खुला भएको छ ।

सरकारले मिटरब्याज पीडितको पक्षमा रहनेगरी मिटरब्याजीलाई कानुनी दायरामा ल्याउन गत वैशाख २० गते अध्यादेश जारी



गरेको थियो । वैशाख २४ गते बसेको संसद बैठकमा अध्यादेशबारे जानकारी गराइएको थियो ।

यस्तै गत असार ५ गते सरकारले राष्ट्रिय सभामा सोही अध्यादेशको प्रतिस्थापन विधेयक पनि दर्ता गरेको थियो। सो विधेयक असार १५ मा राष्ट्रियसभाले पारित गरि प्रतिनिधिसभामा पठाएको थियो। प्रतिनिधिसभामा असार १७ गते पेश भएर असार २० गते >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा ओभरटाइमको तलब भुक्तानीमा आईएलओको दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले मलेसियामा आप्रवासी कामदारले अतिरिक्त समय 'ओभर टाइम' काम बापतको भुक्तानीमा रहेको समस्या समाधान हुनुपर्ने बताएको छ । मलेसियामा गरिएको एक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आईएलओले मलेसियाको श्रम कानूनलाई अन्तर ाष्ट्रिय मापदण्डहरूसँग मिलाएर कामदारका अधिकार सुदृढ गर्न आवश्यकता रहेको बताएको छ ।

प्रतिवेदनले विशेषगरी अनुमति दिइएको अर्थात स्वीकृत ओभरटाइमको तलब तथा सुरक्षित र स्वस्थ >>> पृष्ठ २ मा

### वैदेशिक रोजगारीका क्रममा तीन वर्षमा ३९ रोल्पालीले गुमाए ज्यान

**रोल्पा/रासस–** वैदेशिक रोजगारीका क्रममा रोल्पाका ३९ जनाले ज्यान गुमाएका छन् । जिल्ला प्रशासन कार्यालयको आप्रवासी सूचना केन्द्रको अभिलेखअनुसार तीन वर्षको अवधिमा ३९ जनाको मृत्यु भएको हो ।

सूचना केन्द्रमा प्राप्त मुद्दाका आधारमा मृत्युको संख्या अद्यावधिक गरिए पनि वास्तविक मृत्यु योभन्दा धेरै हुनसक्ने सूचना केन्द्रका कर्मचारी स्मृति >>> पृष्ठ २ मा


## कर्मचारी चाहियो

भर्खरै नयाँ खुलेको मेनपावर अफिसलाई निम्नबमोजिम पदका लागि कर्मचारी चाहियो !

**रिसेप्सनिस्ट** : १ जना (कम्प्युटरमा दक्ष मेनपावरको काम तथा श्रम र डकुमेन्टसम्बन्धी अनुभवी) !

**कम्प्युटर अपरेटर** : १ जना (कम्प्युटरमा दक्ष मेनपावरको काम तथा श्रम र डकुमेन्टसम्बन्धी अनुभवी) !

**सेक्युरिटी गार्ड** : २ जना (सुरक्षासम्बन्धी राम्रो ज्ञान भएको र भिजिटर ह्यान्डलिङसम्बन्धी अनुभवी) !

**मार्केटिङ म्यानेजर** : १ जना (डिमान्डहरू ल्याउन सक्ने तथा अफिस सञ्चालन, मेनपावरको काम, श्रम र डकुमेन्टसम्बन्धी अनुभवी) !

**हाउसकिपिङ** : १ जना (महिला)

तलब १५,००० देखि २५,०००/- मासिक तलब + आकर्षक कमिशन + बोनस + मेडिकल सुविधा !

व्यक्तिगत या कुनै पनि संघ संस्थाले सम्पर्क गर्नुहोला !

साथै नेपाल अधिराज्यभरि वैदेशिक रोजगारका लागि कामदार पदपूर्ति गराउन सक्ने पि.आर.ओ.हरुले सम्पर्क गर्नुहोला !

### ट्रू ह्यूमेन रिसोर्स प्रा.लि

एयरपोर्ट गेट, प्रकाश सन्यास आश्रम मार्ग, काठमाडौं, नेपाल
ईएनं : १६०७/०७९/०८० । CRC नम्बर : ३०६२६५/०७९/०८०
Tel: +977–9822797703 / +40 792423532
E–mail: sherpaf87@gmail.com / truehrinfo@gmail.com skype: thrnepal22@outlook.com



## यूएईमा रोजगारको अवसर

कम्पनी: OIL TECH OIL AND GAS SERVICES LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/०४/०७ चलानी नं.: ६०२०५१४३ LT. No.: 289782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 115 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Insulation Worker | 70 | 0 | | 1100 | ३९११६ | | | | | | | |

Also we need additional positions will be interview - Scaffolder, Scaffolder Helper, Insulators, Sheet Metal Fitter, Sheet Metal Fabricators, Scaffolding Supervisors(CISRS/DIPLOMA or DEGREE and Scaffolding Inspectors (CISR).

अन्तर्वार्ता Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन १७ र १८ गते (2 & 3 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

### Ajeets Management and Development Company Pvt. Ltd.

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391/ E-mail : nepalajeets@gmail.com
Itahari Contact No: 9816391855,025581002 / 9851016758
Kathmandu Contact No:9809494042
9823463896, Pokhara Contact No: 9816658385



## UAE को प्रतिष्ठित Jems Int'l School मा पुरुष कामदारहरूको लागि रोजगारी

कम्पनी: INFRACARE MAINT. & CLEANING LLC शहर: UAE

पूर्व स्वीकृत मिति:२०८०/०३/१२ चलानी नं.:६०२०३८९९ LT. No.:288689

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 0 | स. काममा दक्ष | 800 | २८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

सामान्य अंग्रेजी र हिन्दी बोलचाल गर्न सक्ने र उमेर १८ देखि ३८ वर्ष सम्म हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ११, १२ र १५ गते मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

साथै UAE को प्रतिष्ठित UIG Group कम्पनीबाट मेसन, कारपेन्टर, स्टिल फिक्सर, स्काफफोल्डर, लेबर हेल्पर को माग भई आएकोमा फाइनल अन्तर्वार्ता प्रधान कार्यालय काठमाडौंमा: साउन १४ र १५ गते हुनेछ ।

पूर्व स्वीकृत मिति: २०७८/०९/२० चलानी नं.:६०१७२०४६ LT. No.: 255573

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

### अञ्जली ओभरसिज सर्भिस प्रा. लि.

श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१२ साउन २०८०, शुक्रबार
28 July 2023, Friday

# निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/मस- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दार्चुलाको शैल्यशिखर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर विष्ट, इन्जिनियर सन्तोष पाण्डेयसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले गैरकानूनी लाभ तथा हानी पुऱ्याइ भ्रष्टाचार गरेको अभियोगमा शैल्यशिखर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्ट, इन्जिनियर पाण्डेय, तत्कालीन इन्जिनियर राजेन्द्र सिंह धामी, सब-इन्जिनियर दिपक सिंह बिष्ट तथा शैल्यशिखर नगरपालिका पनेबाज बन्तोली बगौरा सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष जनक राज जोशी, सचिव धनन्जय जोशी र कोषाध्यक्ष जानकी बडू जोशीविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।



निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्टले पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट रहेको हार्ड रकको परिमाण अस्वभाविक रुपमा बढी मूल्यांकन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी २६ लाख २ हजार ५ सय ५६ रुपैयाँ ११ पैसा बढी भुक्तानी दिएको अख्तियारले बताएको छ । उनीविरुद्ध २६ लाख २ हजार ५ सय ५६ रुपैयाँ ११ पैसा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफाबमोजिम बिगो रकम असुल उपर हुनसमेत मागदाबी लिइएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

यस्तै इन्जिनियर पाण्डेय, तत्कालीन इन्जिनियर धामी र सब-इन्जिनियर बिष्टले उक्त सडक खन्ने कार्यमा अस्वभाविकरुपमा बढी मूल्यांककन गरी नापी किताबमा चढाई हस्ताक्षरसहित सहमति जनाइ निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन बनाएर बढी भुक्तानी दिएको अख्तियारले बताएको छ ।

पाण्डेयविरुद्ध ११ लाख ३० हजार २ सय ७२ रुपैयाँ ६७ पैसा, धामीविरुद्ध १४ लाख ७२ हजार २ सय ८३ रुपैयाँ ४३ पैसा र बिष्टविरुद्ध २६ लाख २ हजार ५ सय ५६ रुपैयाँ ११ पैसा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफाबमोजिम बिगो रकम असुल उपर हुन मागदाबी लिइएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

त्यस्तै उपभोक्ता समितिका अध्यक्ष जनक राज जोशी, सचिव धनन्जय जोशी तथा कोषाध्यक्ष जानकी बडू जोशीलाई निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको कार्यको मूल्यांकन गराइ वास्तविकरुपमा भएको कार्यभन्दा बढीको भुक्तानी लिएको अभियोगमा मुद्दा दायर गरेको हो ।

# बजेट विनियोजनामा पशु शाखालाई बेवास्ता गरिएको गुनासो

**ओबराज शाही/मध्यान्ह**
**हुम्ला, ११ साउन**

हुम्लाको सिमकोट गाउँपालिकामा रहेको पशु शाखालाई गाउँपालिकाले कम बजेट विनियोजन गरेको भन्दै कर्मचारीले गुनासो गरेका छन् । बजेट छुट्याउँदा शाखामा हरेक समस्या नहेरी राजनीतिक तरिकाले बजेट छुट्याइएको भन्दै कर्मचारीले गुनासो गरेका हुन् ।

गाउँपालिकाका पशुलाई कुनै रोग लागेमा पशु स्वास्थ्य चिकित्सकहरु औषधिसहित पहिचालित हुँदै आएका छन् । तर गाउँपालिकाले भने दस लाख रुपैयाँ मात्र छुट्याएको शाखाका नायव पशु स्वास्थ्य प्रविधिक घनस्याम राना मगरले बताए । उनले यस बजेटबाट बाख्रालाई लाग्ने लुतोको औषधि समेत खदिर गर्न नपुग्ने बताए । मगरले भने, 'गाउँपालिकाले विभिन्न शाखाबाट बजेट सिलिपको सुनुवाइ गर्छ, तर पशु शाखाको बजेट सिलिपको अर्थ नै नराख्नु गाउँघरमा कृषकको समस्यानै नबुझ्नु हो ।' पशु शाखाको गाउँपालिकासँग हरेक समस्या राख्दा पनि गाउँपालिकाका जनप्रतिनिधि र प्रमुखहरुले कुनै समस्याको सुनुवाइ नगरेको उनले बताए । गाउँपालिकाका अन्य शाखामा जस्तो पशु शाखाका हरेक समस्याको समाधान नगर्दा झारा टार्ने काम शाखालाई गरेको प्रविधिक राना मगरको भनाइ छ ।

## देउवा...

सुनाएको हो । सरकार गठनमा सभामुख बाबुराम गौतमको समेत हस्ताक्षर प्रयोग गरिएको भन्दै कार्कीले प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री थापा र सभामुख गौतमलाई विपक्षी बनाएर रिट निवेदन दिएका थिए । सर्वोच्चको आदेशले कोशी प्रदेश सरकार बदर मात्रै गरेको छैन । प्रदेश सरकार गठनका पक्षमा मतदान गरेका प्रदेश सरकारका सभामुख बाबुराम गौतमको भूमिकालाई असंवैधानिक ठहर गरेको छ । सभामुखले कुनै पनि खालको 'राजनीतिक पक्षधरता देखाउन नहुने' र उक्त पदमा नियुक्त भइसकेपछि 'स्वतन्त्र र तटस्थ' रहनुपर्ने, प्रदेश सभाका सबै राजनीतिक दल सदस्यहरूप्रति सभामुखले 'समान दूरी र समान व्यवहार कायम राख्नुपर्ने' रेफ्री वा एम्पायर'को भूमिका खेल्नुपर्ने आदेशमा भनिएको छ । 'सभामुखलाई मत दिने अधिकार नहुने र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिने व्यवस्था गरिएको हो' आदेशमा थप भनिएको छ । अर्थात, सभामुख गौत्तमको भूमिका माथि अदालतले प्रश्न उठाएको छ । यो प्रश्न गौत्तमलाई उक्त निर्णय लिन दवाव दिने सत्ता गठबन्धनका नेताहरुमाथि समेत प्रश्न उठाएको छ । विगतमा संविधान र लोकतन्त्रको बचाउका लागि भनेर गठबन्धन बनाएका कांग्रेस सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालमाथि नै प्रश्न उठाएको हो । आदेशमा भनिएको छ, 'कुनै खास राजनीतिक दल वा कुनै दलका सदस्यलाई समर्थन गर्नुको स्वाभाविक अर्थ एउटासँग विशेष सम्बन्ध र अन्यसँग भिन्न खालको सम्बन्ध राखेको हुन जान्छ ।'

## फेरि राप्रपा...

तर मुख्यमन्त्री नियुक्ति प्रक्रियामा सभामुख गौतमको हस्ताक्षर प्रयोग गर्नु असंवैधानिक भएको सर्वोच्चको ठहरपछि अब विद्यमान दुई गठबन्धन यथावत रहेको अवस्थामा फेरि पनि कसैले बहुमतको दाबी पेस गर्न नसक्ने परिस्थिति कायम छ । यो अवस्थामा कांग्रेस, माओवादीसहितको गठबन्धनले राप्रपालाई समेत आफूतिर तान्न सक्नुपर्ने या एमाले, राप्रपासहितको गठबन्धनले कम्तीमा जसपालाई आफ्नो पक्षमा पार्न सकेमात्र संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्रीका लागि दाबी गर्न सकिने देखिन्छ । राप्रपाले कांग्रेस, माओवादी गठबन्धनलाई साथ दिएको खण्डमा भने सहजै नयाँ सरकार बन्नेछ । अन्यथा, सोही धाराको उपधारा ३ अन्तर्गत ठुलो दलको हैसियतले नेकपा एमालेले सरकारको नेतृत्व गर्न पाउनेछ । तर, मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने प्रावधान रहेका कारण त्यतिबेला फेरि उक्त सरकार ढल्ने सम्भावना रहन्छ ।

## फेरि...

भएकाले निलम्बित भएपछि २०७९ फागुन १ देखि सर्वोच्च अदालत कामुका भरमा चल्दै आएको थियो । उनको निलम्बनपछि वरिष्ठत न्यायाधीशका रुपमा दीपककुमार कार्कीले उक्त जिम्मेवारी पाएका थिए । उनी गएको असोजको तेस्रो साता अवकाशमा गएपछि कामु प्रधानन्यायाधीशको नेतृत्व हरिकृष्ण कार्कीले पाएका थिए । चोलेन्द्र शमसेर निलम्बनकै अवस्थामा रहेकाले कार्कीले सर्वोच्चको नेतृत्व सम्हालेका थिए । उमेर हदका कारण निलम्बित अवस्थामै चोलेन्द्र २७ मंसिरमा अवकाशमा गए । तर, अझै पनि चोलेन्द्र शमसेर राणाको महाअभियोग के हुने भन्ने टुंगो लाग्न सकेको छैन ।

संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था संविधानले गरेको छ । संविधानको धारा २८४ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था छ । प्रधानन्यायाधीश र संवैधानिक निकायमा प्रमुख र पदाधिकारी नियुक्ति सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा ६ सदस्यीय संवैधानिक परिषद् रहने व्यवस्था छ । प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने संवैधानिक परिषद् प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभामा प्रमुख विपक्षी दलको नेता, प्रतिनिधिसभाका उपसभामुख सदस्य हुने व्यवस्था छ । प्रधानन्यायाधीशको पद रिक्त भएमा नियुक्ति सिफारिस गर्दा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पनि संवैधानिक परिषद्को सदस्यका रूपमा रहने व्यवस्था छ । तर, सर्वोच्चमा प्रधानन्यायाधीश रिक्त हुनु एक महिना अगावै नाम सिफारिस गर्नुपर्नेमा संवैधानिक परिषद्ले चासो दिएको छैन ।

## सर्तसहित...

पारित गर्ने प्रयास एमालेको संसद अवरोधका कारण बिफल भएको थियो ।

असार २० गते सरकारले ल्याएको अध्यादेश निष्क्रिय भएपछि सरकारले संसदमा दर्ता गरेको प्रतिस्थापन विधेयक जिवितै रहेको भन्दै त्यसलाई अघि बढाउने तयारी गऱ्यो । नेकपा एमाले र जनता समाजवादी पाटीले संशोधन नगरी विधेयक अघि बढ्न नदिने बताएपछि ती दलसँग सहमति गरी गत असार ३१ गते संशोधन सहित प्रतिनिधि सभाबाट सो विधेयक पारित गरी राष्ट्रिय सभामा पठाइएको थियो । प्रतिनिधिसभाबाट पारित गर्दा अध्यादेश प्रतिस्थापन विधेयक नामको सट्टामा 'विधेयक' मात्र राखेर पठाइएपछि राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिनाले राष्ट्रियसभाबाट प्रतिस्थापन विधेयक भनेर पारित भएर प्रतिनिधि सभामा गएकोमा तर किन फरक विधेयक जसरी आएको भन्दै प्रश्न उठाएर सभाको कार्यसूचीमा राख्न इन्कार गरेका थिए । उनले यसमा कानुनी प्रश्न उठ्न सक्नेभन्दै केही कानुन व्यवसायी तथा महान्यायाधिवक्ताको पनि राय लिएका थिए । महान्यायाधिवक्ताले सो विधेयक अगाडि बढाउँदा फरक नपर्ने बताएपछि अध्यक्ष तिमिल्सिना शर्तसहित विधेयक अगाडि बढाएका हुन् ।

बिहिबार बसेको राष्ट्रियसभाको बैठकमा प्रतिनिधिसभाबाट संशोधन सहित पारित भएर आएको विधेयक अघि बढाउने क्रममा उनले आगामी दिन सो विधेयक पारित भएको बिषय नजिर बन्न नसक्नेगरी अघि बढाएको जानकारी गराएका छन् । अध्यक्ष तिमिल्सिनाले भनेका छन्, 'वर्तमान आवश्यकतालाई समेत मध्यनजर गर्दै, नेपालको संविधानको धारा १०३ को उपधारा (२) को विशेषाधिकार प्रयोग गरी यस्तो प्रकृतिको विधेयक पारित गर्ने समयावधि आगामी दिनमा नजिरको रुपमा नरहने गरी मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० लाई अगाडि बढाउने जानकारी गराउँछु ।' उनले राष्ट्रियसभा नियमावलीको नियम ९३ को उपनियम (३) मा अध्यादेश प्रतिस्थापन गर्ने विधेयकलाई अधिवेशन सुरु भएको ६० दिनभित्र पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्ने व्यवस्था रहेतापनि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीको वक्तव्य र वर्तमान आवश्यकतालाई समेत मध्यनजर गर्दै, नेपालको संविधानको धारा १०३ को उपधारा (२) को विशेषाधिकार प्रयोग गरी यस्तो प्रकृतिको विधेयक पारित गर्ने समयावधि आगामी दिनमा नजिरको रुपमा नरहने गरी मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० लाई अगाडि बढाउने जानकारी गराएको सन्देश सभामा सुनाए ।

साथै उनले विधि निर्माण प्रकृयामा समयको महत्वप्रति सचेत रहँदै संविधान र कानुनमा भएका व्यवस्थाहरूको पालना गर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण समेत गराएका छन् । अध्यक्ष तिमिल्सिनाले यस्तो सन्देश सुनाएर विधेयकमाथिको कार्यवाही प्रक्रिया अघि बढाएका हुन् ।

## मलेसियामा...

एवम् स्वच्छ कार्यस्थलको वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ । मलेसियामा श्रम विभागले कार्यस्थलहरूको नियमित निरीक्षण गर्न ढिलाइ गरिरहेको भन्दै रोजगारदाताहरूलाई कार्यस्थलका समस्याहरू पहिचान र समाधान गर्न आग्रह गरेको छ ।
आईएलओले बासस्थानको सुरक्षा र स्वच्छताबारे मुख्यगरी ग्लोब्स उत्पादक रोजगारदातहरूलाई कामदारहरूसँग सामूहिक छलफल गर्न आग्रह गरेको छ । प्रतिवेदनले कामदारहरुबाट भर्ना शुल्क र अन्य लागतहरु लिनबाट रोक लगाउन भर्नाकर्ता अर्थात म्यानपावर एजेन्सी र रोजगारदाताहरु विशेष जवाफदेही बन्नुपर्ने पनि उल्लेख गरेको छ ।

आईएलओको एसिया र प्यासिफिक क्षेत्रका लागि उप क्षेत्रीय निर्देशक सुश्री पानुद्दा बुनपालाले अनुसन्धानले मलेसियामा रबर ग्लोब्स आपूर्ति श्रृंखलामा रहेका कमजोरी र राम्रा अभ्यासहरूको चुनौती तथा अवसरहरूको विश्लेषण गरेको भन्दै प्रतिवेदनका निष्कर्ष र सिफारिसहरू सरकार, रोजगारदाता, श्रमिक संस्थाहरू र कामदार आपूर्ति श्रृंखलाका सरोकारवालाहरू जिम्मेवार बन्नुपर्ने देखिएको बताइन् । मलेसियामा कामदारको ओभरटाइमको विषयमा नेपालमा पनि केही समय पहिलेदेखि कामदरहरूमा अन्योल देखिन्छ । म्यानपावर कम्पनीहरूले ओभरटाइम कामदारको अधिकार नभइ मलेसियामा कम्पनी सञ्चालन हुने आधारमा ओभरटाइम पाउने-नपाउने बताउने गरेका छन् । तर रोजगारीमा गएका केही कामदहरूले ओभरटाइम नपाएको भन्दै क्षतिपूर्ति दिलाइदिनुपर्ने मागसमेत गर्ने गरेका छन् ।

## वैदेशिक...

रोकामगरले बताइन् । यस अवधिमा सबैभन्दा धेरै ज्यान गुमाउने परिवर्तन गाउँपालिकाका छन् । कम ज्यान गुमाउनेको संख्या थवाङ र माडी गाउँपालिकामा छ ।
परिवर्तन गाउँपालिकाबाट यस अवधिमा आठ जनाले ज्यान गुमाएको अभिलेखमा उल्लेख छ । यसैगरी थवाङ र माडी गाउँपालिकाबाट यस अवधिमा एक-एक जनाले ज्यान गुमाएका छन् । वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने अन्य पालिकामा रोल्पा नगरपालिका र रुन्टीगढी गाउँपालिकाबाट ६-६ जना, सुनिलस्मृति गाउँपालिकाबाट पाँच, लुङ्ग्री गाउँपालिकाबाट चार जनाले ज्यान गुमाएका छन् । यसैगरी त्रिवेणी र गङ्गोदव गाउँपालिकाबाट तीन-तीन जना र सुनछहरी गाउँपालिकाबाट दुई जनाले ज्यान गुमाएका छन् ।


## Romania मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर

१.कम्पनी: **GEO Trading Company SRL., Bucharest, Romania**

पूर्व स्वीकृती मिति २०७९।१२।०३ | चलानी नं. ६०१९८३१० | LT.No. 282833 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव US$ | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ७२,०००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 05 | - | | 650 | ८५,०८५।- | | | | | | | |
| 3 | Mason | 05 | - | | 650 | ८५,०८५।- | | | | | | | |
| 4 | Carpenter | 25 | - | | 650 | ८५,०८५।- | | | | | | | |
| 5 | Factory Worker | 25 | - | | 550 | ७२,०००।- | | | | | | | |
| 6 | General Worker | 25 | 10 | | 550 | ७२,०००।- | | | | | | | |

२.कम्पनी: **MLS Invest Trading SRL., Romania**

पूर्व स्वीकृती मिति २०७९।०२।२४ | चलानी नं. ६०१८०५७७ | LT.No. 264481 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव USD | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 08 | 0 | काममा दक्ष | 650 | ८५,०८५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook Helper | 60 | 0 | | 550 | ७२,०००।- | | | | | | | |
| 3 | Sales Assistant | 0 | 10 | | 550 | ७२,०००।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ को कम्पनीको रु. ३०,०००।- र सि.नं. २ को कम्पनीको रु. ४०,०००।- |

**प्रि-अन्तर्वार्ता भै रहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०८० श्रावण १९ गते (4 August, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



## कतारमा रोजगारको अवसर

कम्पनी: **VENTURE GULF RENT A CAR**
शहर: **DOHA**

पूर्व स्वीकृत मिति:२०८०/०४/११ | चलानी नं.:६०२०५२२७ | LT. No.:290008

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 25 | 0 | स. काममा दक्ष | 1900 | ६८१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Group Of Companies
Gov. Lic. No. 625/063/064
**Red Coral Associates Pvt. Ltd.**
Buddhanagar-10, Kathmandu, Tel.: 4797078, 4797278
Mo.: 9851171385, 9851171383, 9851171384



## चामुण्डाबिन्द्रासैनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

**सूची दर्ता गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१२**

यस कार्यालयको लागि आ.व. २०८०/०८१ मा तपशिल बमोजिमका सामानहरु तथा सेवाहरु एकै पटक वा पटक पटक आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले एक भन्दा बढी कार्यहरुको लागि छुट्टाछुट्टै विवरण भरी यस कार्यलयमा सूची दर्ता गराउनको लागि आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

१) फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
२) कुरियर सेवा संचालन कार्य ।
३) छपाइ गर्ने र त्यस सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
४) Computer, Laptop, Printer, Fax, Photocopy Machine, Telephone Set, Projector आपूर्ती र मर्मत कार्य ।
५) सवारी साधन (कार, जिप, मोटरसाइकल, दमकल, हेवी इक्वीपमेन्ट) र सोका पार्टपूर्जाहरु सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
६) स्टेशनरी, मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
७) सार्वजनिक सम्पत्ति (भवन, वाल बाउन्ड्री, ट्रस आदि) निर्माण तथा सो को मर्मत सम्भार कार्य ।
८) खानेपानि, सडक, बिद्यूत, सिंचाई लगायतका निर्माण तथा सोका सामानहरुको आपूर्ति तथा मर्मत सम्भार कार्य।
९) विज्ञापन तथा सूचना प्रकाशन तथा प्रशारण कार्य ।
१०) श्रव्य दृश्य सामाग्री निर्माण तथा प्रशारण कार्य ।
११) Consultancy Service (योजना तर्जुमा, वित्तिय अध्ययन, अनुसन्धान, अनुगमन, निरिक्षण, इष्टिमेट गर्ने, गुरुयोजना, डिपिआर लगायतका प्रविधिक तथ विशेषज्ञ सेवा) को कार्य ।
१२) वेबसाइट डिजाइन संचालन अपडेट, सफ्टवेयर निर्माण सम्बन्धी कार्य ।
१३) यस कार्यालय र अन्तर्गत कार्यालयहरुको लागि आवश्यक पर्ने मेशिनरी सामान (जेनेरेटर, इन्भर्टर, युपिएस, भ्याकुम क्लिनर आदि) सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
१४) इन्जिनियरिङ्ग, ड्रईङ, डिजाइन निर्माण सुपरिवेक्षण गर्ने कार्य ।
१५) कार्यालय अन्तर्गतको सम्पत्ति, पार्क, सार्वजनिक स्थल, बगैचा निर्माण, संचालन तथा मर्मत कार्य ।
१६) मेडिकल उपकरण सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य ।
१७) औषधि तथा औषधिजन्य सम्बन्धी सामानहरु आपूर्ती कार्य ।
१८) कृषिजन्य, पशुपालन तथा सरसफाइजन्य सामाग्रीहरुको आपूर्ती कार्य ।
१९) ईन्जिनियरिङ सम्बन्धी सामानहरु आपूर्ती कार्य ।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरुको विवरण:**

क) कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ख) स्थायि लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ग) आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
घ) आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्रको प्रमाणित प्रतिलिपि ।

**अन्य जानकारीहरू:**

१) माथि उल्लेख गरिएका निवेदकले पेश गर्नुपर्ने विवरणहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने छ ।
२) माथि उल्लेखित एक भन्दा बढी कार्य एउटै कम्पनी/संस्था/फर्मबाट गर्ने भएमा छुट्टाछुट्टै कार्यको लागि छुट्टाछुट्टै सूची दर्ता गराउनु पर्नेछ ।
३) सूचीकृत भएका कम्पनी/संस्था/फर्मबाट कार्यालयको आवश्यकता अनुसार सामान वा सेवा वा निर्माण कार्य गर्न सकिने छ ।
४) सूचीकृत भएका कम्पनी/संस्था/फर्म हरुले सन्तोषजनक सामान वा सेवा वा निर्माण कार्य गर्न नसकेमा सूचिकृतबाट हटाउन सकिनेछ । सो उपर कुनै दावी विरोध लाग्ने छैन ।
५) कम्पनी/संस्था/फर्म सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
६) सूचीकृत गराउन चाहने कम्पनी/संस्था/फर्म ले आफ्नो फर्मको ठेगाना, सम्पर्क नं. मोबाइल नं. र सम्पर्क व्यक्ति समेत स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**





# गैर आवासीय नेपालीको हकहितका लागि सरकार प्रतिबद्ध : प्रधानमन्त्री

**पुस्तक रेग्मी/मध्यान्ह**
इटाली, ११ साउन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गैर आवासीय नेपालीहरुको हकहितका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् । गैरआवासीय नेपाली संघ इटाली र र नेपाली कन्सोलेट रोमले प्रधानमन्त्रीको स्वागत तथा सम्मानमा बुधबार इटालीको रोममा आयोजना गरेको कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

प्रधानमन्त्री प्रचण्डले नेपालमा उत्पादित सामग्रीले युरोपको बजार पाउन नसकेको, राहदानीसम्बन्धी समस्या, इटालीले ल्याउने मौसमी कामदारको सूचीमा नेपाल नसमेटिएकालगायत गैरआवासीय नेपालीले उठाएका विषयलाई सम्बोधन गर्न सरकार तयार रहेको बताए । आफ्नो इटाली भ्रमण अत्यन्त सफल भएको बताउँदै प्रधानमन्त्री प्रचण्डले यस भ्रमणबाट नेपाल र इटालीबीचको सम्बन्धमा नयाँ आयाम थपिएको बताए । प्रधानमन्त्री प्रचण्डले अहिले सरकार भ्रष्टाचारविरुद्ध र सुशासनका लागि कठोर भएर लागेको बताउँदै यसमा सम्पूर्ण गैर आवासीय नेपालीहरुको पनि साथ चाहिने बताए ।



संयुक्त राष्ट्रसंघीय खाद्य प्रणाली शिखर सम्मेलनमा सहभागी हुन रोम आएका प्रधानमन्त्री प्रचण्डको सम्मानमा स्वागत तथा विशेष अन्तरक्रिया कार्यक्रम गरिएको हो । एनआरएनए इटालीका अध्यक्ष छविलाल कंडेलको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि प्रधानमन्त्री प्रचण्ड रहेका थिए भने विशेष अतिथिहरुमा कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल, प्रधानमन्त्रीकी सुपुत्री एवम् स्वकीय सचिव गंगा दाहाल, परराष्ट सचिव भरतराज पौड्याल, अस्ट्रियाका लागि नेपाली राजदूत भरतकुमार रेग्मी, नेपाली कन्सोलेट रोमका कन्सोलर पाओलो नुगारी, राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतलगायत रहेका थिए ।

यस्तै उक्त कार्यक्रममा इटालीस्थित विभिन्न स्थानीय नेपाली समाज, उद्यमी, विद्यार्थीलगायत एनआरएनए इटालीका वर्तमान कार्यसमिति र पूर्वकार्यसमितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । एनआरएनए इटालीका अध्यक्ष कंडेलले प्रधानमन्त्री प्रचण्डलाई इटालीवासी नेपालीहरुको तर्फबाट विशेष स्वागत गर्दै इटालीभित्र बसेका नेपालीहरुले भोग्नुपरेका समस्या समाधानका लागि नेपाल सरकारले विशेष पहलकदमी लिनुपर्ने बाताए ।

उनले नेपाललाई पनि इटाली सरकारको सिजनल कामदारको कोटा प्रणालीमा समावेश गर्नका लागि आवश्यक प्रक्रिया यथाशीघ्र अगि बढाउन, ई-पासपोर्ट घुम्ती शिविरका लागि चाहिने उचित स्रोत साधनको व्यवस्था गर्न, नाबालक परचिय पत्र लिने प्रक्रियालाई दूतावासमार्फत वितरण गर्ने व्यवस्था मिलाउन, इटालीमा नेपाली दूतावास खोल्नका लागि प्रक्रिया शुरु गर्न, नेपाली विद्यार्थीहरुलाई इटाली सरकारको छात्रवृत्ति कार्यक्रममा समेट्नका लागि पहल गर्न, नेपाली सामानको आयात तथा निर्यातको प्रक्रिया सहज गर्न, नेपाली कन्सोलेट रोमका कन्सोलर पाओलो नुगारीलाई उनले नेपाली समुदायप्रति गरेको सहयोगको कदर गर्दै नेपाल सरकारबाट विशेस सम्मान दिलाउनलगायतका माग प्रधानमन्त्री प्रचण्डसमक्ष राखे ।

साथै उनले प्रधानमन्त्री प्रचण्डले सामाजिक सुरक्षा कोष लागू गर्न, गैर आवासीय नेपाली नागरिकताका साथै विभाजितरुपमा रहेको एनआरएनएलाई एकता गर्न गरेको प्रयासप्रति सम्पूर्ण गैरआवासीय नेपालीहरुको तर्फबाट धन्यवाद व्यक्त गरे । अन्त्यमा प्रधानमन्त्री प्रचण्डको इटाली भ्रमणका साथै सम्मान कार्यक्रम सफल बनाउन विशेष भूमिका खेल्ने अस्ट्रियाका लागि नेपाली राजदूत रेग्मी, नेपाली कन्सोलेट रोमका कन्सोलर नुगारी, इटालीस्थित सम्पूर्ण नेपाली समाज, सञ्चारकर्मीलगायतलाई एनआरएनए इटालीले धन्यवाद व्यक्त गरेको छ ।

# मौलापुर विद्युत प्राधिकरणको कार्यालयमा तालाबन्दी

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ११ साउन

मौलापुर विद्युत प्राधिकरणको कार्यालयमा तालाबन्दी गरिएको छ। प्राधिकरणको कर्मचारीहरूले गरेको लापरबाही र फोन गर्दा वास्ता नगरेको भन्दै स्थानीयहरूले बिहीबार मौलापुरमा रहेको प्राधिकरणको कार्यालयमा तालाबन्दी गरेका हुन् ।

वितरण केन्द्रअन्तर्गत पर्ने मौलापुर ३ गम्हरीया टोलमा विद्युतको केबल तारमा आगलागीपछि तार चुँडिएर तल झरेको र वितरण केन्द्रमा फोन गर्दा फोन नउठाएको भन्दै आक्रोशित भएका स्थानीयले तालाबन्दी गरेको स्थानीय विजय यादवले बताए । स्थानीयले सबै कर्मचारीहरूलाई बाहिर निकाल्दै मूल गेटमा ताला लगाएर साँचो प्रहरीलाई बुझाएका छन् । केबल तारमा आगो लागेको उक्त घटनामा भने कुनै मानवीय क्षति नभएको बुझिएको छ। तर यस्तो संवेदनशील अवस्थामा फोन वास्ता नगरेको भन्दै स्थानीयहरू आक्रोशित बनेका हुन् ।

नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख दिनेश यादवले केबल तारमा आगो लागेर चुँडिएको विषयलाई लिएर स्थानीयहरूले कर्मचारीहरूलाई कुटपिट गर्दै वितरण केन्द्रबाट प्रसारित लाइन काटन लगाएर ताला लगाइदिएको बताए । बारम्बार कर्मचारीहरूमाथि यसरी दुर्व्यवहार गर्ने घटना हुनु दुखद रहेको प्रमुख यादवले बताए ।


## कुवेतमा रोजगार | Company : AL HOMAIZI FOOD STUFF CO. City : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०१/१९ चलानी नं.: ६०२००८९५ LT. No.: 285457 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Driver (Light Driver) | 50 | 0 | स. काममा दक्ष | 180 | ७६,७७९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Team Member | 90 | 47 | | 180 | ७६,७७९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७ मो. ९८२३३५१५४५, ९८४९१७०६०२, ९८०३०३०१११



## UAE मा रोजगार | कम्पनी: THE PAVILION FOOD PROCESSING शहर: UAE,DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०४/१० चलानी नं.: ६०२०५२२६ LT. No.: 289765 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 6 | 0 | | 800 | २८,५१२ | | | | | | | |
| 3. | Delivery Boy | 2 | 0 | | 800 | २८,५१२ | | | | | | | |
| 4. | Store Helper | 1 | 0 | | 800 | २८,५१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १९ र २० गते (4 & 5 Aug 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**भिक्टोरी नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ९११/०६७/०६८
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, मो: ९८५११४०६५३


# 'हलो क्रान्ति'को ७४ वर्ष पूरा

# लमजुङ दुराडाँडाको हलोक्रान्ति नवचेतनाको शुरुवात : अर्थमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

नेपाल सरकारका प्रवक्ता एवं अर्थमन्त्री प्रकाशशरण महतले संस्कृतिका राम्रा कुराहरुलाई छोड्नु चुनौतीको विषय भएको बताएका छन् । बिहीबार नेपाल प्रज्ञा प्रतिष्ठान र हलोक्रान्ती नेपाल तथा तोयानाथ स्मृति प्रतिष्ठानको सहकार्यमा प्रतिष्ठानमा आयोजित 'बहुआयामिक हलोक्रान्ति-२००६' विषयक एक दिवसीय गोष्ठीमा बोल्दै अर्थमन्त्री महतले संस्कृतिलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने बताए ।




७४ औं तोयानाथ स्मृति दिवसका अवसरमा आयोजित कार्यकममा अर्थमन्त्री महतले पूर्खाको इतिहासलाई बिर्सन नहुने बताए । उनले वि.सं. २००६ मा पण्डित तोयानाथ अधिकार ीसहितका २७ जनाले गरेको जातीय विभेदविरुद्धको हलोकान्तिले देशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । उनले भने,'हलो जोत्ने कुरा अहिले सामान्य मानिए पनि त्यति बेला यो असामान्य विषय थियो । शिक्षा र चेतना प्रविष्टको रुपमा लमजुङको दुराडाँडा हो, हलोकान्ति हो ।'

वर्तमान नेपाली समाजमा पूर्वीय सभ्यता र संस्कृतिका कारण भौतिक विकास मात्रै हुनसकेको प्रवक्ता महतको भनाइ छ। 'विकास हुनलाई मनमा शान्ति कायम हुन आवश्वक छ । त्यसकारण हाम्रो अस्तित्व, हाम्रो शक्तिलाई जोगाउन संस्कृतिलाई जोगाउनुपर्छ' उनले भने । पण्डित तोयानाथले सामाजिक सद्भावलाई कायम राखेर हलो जोतेर छुवाछुतविरुद्ध आवाज उठाएको उनको भनाइ छ । संस्कृतिमा जीवनलाई रुपान्तरण गर्ने कुरा समेटिएको बताउँदै अर्थमन्त्री महतले त्यस्ता सकारात्मक कुरालाई नछाडि तोयानाथले क्रान्तिको शुरुवात गरेको भन्दै सम्मान व्यक्त गरे ।

यस्तै कार्यकममा प्रतिष्ठानका कुलपति भूपाल राईले हलोसँग मानव सभ्यताको कला जोडिएको तर्क गरे । उनले समाजको असन्तुलित अवस्थालाई हटाउन दुराडाँडामा सांस्कृतिक कान्ति शुरु भएको जानकारी गराए । उनले भने, 'आधुनिक समाजमा विज्ञान र प्रविधिले जात हेर्दैन । तर हामी मानिसले प्रविधिलाई ओझेलमा पारेर विभेदको सिर्जना गरेका छौं । यसकै अन्त्यका लागि क्रान्तिको शुरुवात भएको हो ।' श्रम र शिल्पले शुरु गरेको जातीय विभेतलाई हलोकान्तिले अन्त्य गरेको उनको भनाइ छ ।

यस्तै पूर्व सहायकमन्त्री रामचन्द्र अधिकारीले कान्ति विसङ्गति विरुद्धको आवाज भएको औंल्याए ।


### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८०/०३/०१ गते कोटेश्वरदेखी चावहिल आउने क्रममा मेरो निम्न विवरण भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध छ ।

नाम : जानुका मोक्तान
रजिष्ट्रेसन नं. : 652109023
सिम्बल नं. : 970272
सम्पर्क नम्बर : ९८५१२३१२९३



### भूल सुधार

मिति २०८०/०४/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE** मा रोजगारको अवसर शिर्षक, कम्पनी नाम Cleanco Trading, Importing & Services Llc - Sole Proprietorship L.L.C., पूर्व स्वीकृत मिति: **२०८०/०२/०१**, L.T. No.: 285975 र चलानी नं.: **६०२०१४२६** र कम्पनी नं. २ को नाम Kuwait Food Co Americana Main Office One Person Company Llc, पूर्व स्वीकृत मिति: **२०८०/०३/२०**, L.T. No.: 288943, चलानी नं.: **६०२०४३०८** को पून: विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० साउन १८ गते (3 August 2023) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196



### दार्मा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**दार्मा गाउँपालिकावासीमा जनचेतना मूलक सन्देश**

**बाढी पहिरोको बेला निम्न कुराहरुमा ध्यान दिऔं:**

क) गेजरिडरबाट नदीमा बाढीको सतह र अवस्थाको बारेमा नियमित जानकारी लिने गरौं ।
ख) मोबाइल फोन नियमित चार्ज गरेर राखौं ।
ग) रेडियो र टेलिभिजनबाट आउने वर्षा र बाढी सम्बन्धि खबर/सन्देश ध्यान दिएर सुनौं ।
घ) बाढीको चेतावनी तह र खतराको सूचना पाउन साईरनको आवाज ध्यान दिएर सुनौं । प्रत्येक पटकको साईरनका आवाज पश्चात हाते माईकको निर्देशनको ख्याल गरौं ।
ङ) बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।

**चट्याङबाट बच्ने उपाय:**

क) बिजुली चम्केको बेला सतर्कता अपनाउने ।
ख) विद्युतीउ तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने ।
ग) बिजुली चम्केको केही समयसम्म पानीी परेको क्षेत्रमा ननिस्कने ।
घ) सकेसम्म घर भित्रै झयालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने ।
ङ) खुल्ला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने ।
च) सकभर अग्लो स्थानमा नबस्ने ।
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्यय सामान प्रयोग नगर्ने ।



## Romania मा रोजगार | कम्पनी: CANDOR RECRUITMENT SERVICES SRL शहर: BUCHAREST

पुर्व स्वीकृत मिति: २०७९/०४/१२ चलानी नं.: ६०१८३९५३ L.T. No.: 268234 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 47 | स. काममा दक्ष | 550 | ७१,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **CANDOR RECRUITMENT SERVICES SRL** शहर: **BUCHAREST**

पुर्व स्वीकृत मिति: २०७९/०२/२३ चलानी नं.: ६०१८०४९५ L.T. No.:264452 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Staff | 2 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७१,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook Helper | 15 | 0 | | 550 | ७१,९९५ | | | | | | | |
| 3. | General Worker | 20 | 0 | | 550 | ७१,९९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० साउन १९ देखि २३ गते सम्म (4 to 8 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**KATHMANDU INTERNATIONAL INCORPORATE PVT. LTD.**
Gov. Lic No. 441/060/61
TOKHA 10, SAMAKHUSHI, Kathmandu
Tel: +977-1-496117, 4952265, E-mail: kiimanpowernepal@gmail.com, info@kii.com.np
Mobile : 9742475461 /Web: www.kii.com.np



## UAE मा रोजगारको अवसर | कम्पनी: POWER BUILDING CLEANING SERVICES शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७३२ L.T. No.:261337 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 212 | 0 | स. काममा दक्ष | 900 | ३२,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379
Chitwan Contact No: 9865087111 Ithari Contact No: 9851060167



## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

**Kathmandu Orientation (P) Ltd.**
**Nippon Medical Center (P) Ltd.**
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )



### भूल सुधार

मिति २०८०/०४/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **QATAR** मा रोजगारको अवसर शिर्षक, कम्पनी नाम **AL HABARI ENGINEERING**, पूर्व स्वीकृत मिति: **२०८०/०२/२५** , L.T. No.: **287454** र चलानी नं.: **६०२०२८४७**, को पून विज्ञापनमा अन्तर्वार्ता बिएम ट्रेनिङ सेन्टर र राम जानकी ट्रेनिङ सेन्टर जनकपुर धनुषामा मिति २०८० साउन १७ र १८ गते (2 & 3 August 2023) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
AAROHI HR Solutions Pvt. Ltd. Govt. Lic. No. 1244/074/075
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941



### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस International Job Link Pvt. Ltd. श्रम इजाजत पत्र न. ७००/०६३/०६४ मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | शर्मिला के.सी. | लोकन्थली १, भक्तपुर | डकुमेन्टेसन |
| २. | सुलोचना चौधरी | महालक्ष्मी १, ललितपुर | डकुमेन्टेसन अफिसर |

**INTERNATIONAL JOB LINK PVT. LTD.**
Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Nepal.
Tel: 014584541 Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np





मध्यान्ह
www.madhyanhadaily.com
१२ साउन २०८०, शुक्रबार
28 July 2023, Friday

## सम्पादकीय

# फैसलाको सन्देश

नेपाली कांग्रेसका नेता उद्धव थापालाई कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गर्ने निर्णय सर्वोच्च अदालतले बदर गरि दिएको छ । गएको २१ असारमा थापालाई प्रदेश प्रमुखले संविधानको धारा १६८ (२) बमोजिम संयुक्त सरकारको मुख्यमन्त्री नियुक्त गरेका थिए । तर त्यस निर्णयविरूद्ध नेकपा एमाले प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सर्वोच्चमा रिट दायर गरे । उक्त रिटमाथि सुनुवाइ गर्दै बिहीबार सर्वोच्चले थापालाई मुख्यमन्त्री नियुक्त गर्ने निर्णय बदर गरि दिएको छ । सँगै, सर्वोच्चले एक साताभित्र अर्को संयुक्त सरकार गठन गर्न र त्यो संभव नभए सवैभन्दा ठूलो दल नेकपा एमालेका नेता कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न आदेश दिएको छ । सर्वोच्चको फैसलाको आधार चाहिँ सभामुख सरकार निर्माण प्रक्रियामा सहभागी असंवैधानिक भएको ठहर नै हो ।

संसदीय मतदान प्रक्रियामा बराबर मत आएमा सभामुखले निर्णायक मत जाहेर गर्ने संवैधानिक व्यवस्था भएपनि सरकार गठन प्रक्रियामै सामेल हुन संवैधानिक नहुने सर्वोच्चको ठहर छ । यस्तो आदेशपछि अब कोशीमा अर्को सरकार गठन प्रक्रिया कठिन बनेको छ । किनकि अहिलेकै संसदीय समीकरण अनुसार, सभामुख अलग हुँदा दुवै गठबन्धनसँग समान ४६/४६ सांसद छन् । जबकी सरकार बनाउन ९३ सदस्यीय प्रदेशसभाको बहुमत अर्थात् ४७ सांसद आवश्यक पर्छ । त्यसैले अहिलेकै संसदीय समीकरण अनुसार सरकार बनाउन सजिलो छैन । तर यो अलग विषय हो, कुनै न कुनै विकल्पमा सरकार बन्ने विश्वास गर्न सकिन्छ । फैसलाको महत्वपूर्ण सन्देश सभामुखबारे रहेको अलमल हो ।

कोशीमा मात्रै नभएर अरू प्रदेश सहित संघीय संसदमा समेत सभामुखको भूमिका सधैं विवादित रहँदै आएको छ । जुन दलबाट सभामुख निर्वाचित भएको हो, त्यही दलप्रति देखिनेगरी रूझान देखाएको आरोप हरेकजसो सभामुखले खेप्दै आएका छन् । अझ सभामुखबाट हटेपछि फेरि पुरानै दलमा सक्रिय हुने प्रवृत्तिले पनि सभामुखप्रति आशंका रहने गरेको छ । जबकी सभामुख निर्वाचित भएसँगै दल त्याग गर्नुपर्ने व्यवस्थाले उक्त पदलाई तटस्थ रहनुपर्छ भन्ने नै संवैधानिक भावना हो । तर त्यो भावना बिपरीत कतिपय सन्दर्भमा देखिनेगरी सभामुखहरूले गतिविधि देखाउने गरेका थिए, जसको एक उदाहरण कोशीका सभामुख बाबुराम गौतमले थापालाई मुख्यमन्त्री बनाउन हस्ताक्षर गर्नु हो । तर सर्वोच्चको बिहीबारको फैसलाले अब सभामुखलाई आफ्नो संवैधानिक सीमाभित्र रहनुपर्ने सन्देश दिएको छ, तटस्थ भूमिकामा रहेर सभा सञ्चालन र निर्णय लिनुपर्ने प्रष्ट अभिमत दिएको छ ।

# सेनाको संरचनामाथि किन बहस ?

*निश्चय नै सेनाको पुनर्संरचना आवश्यक छ । सेनालाई समयानुकुल परिवर्तन गरिनु पर्दछ । तर यसको अर्थ सेनाको संरचना नै खारेजी गर्ने कोणबाट बहस हुनु सर्वथा गलत छ ।*

अग्रलेख



● शम्भू पनेरू

राष्ट्रिय स्वतन्त्र पार्टीका एक नेता सांसद स्वर्णीम वाग्लेले नेपालका प्रधान सेनापतिसितको भेटपछि सदनमा आएर नेपाली सेनाको कटौतीको माग राखे । मुलुकमा देखिएको आर्थिक संकटलाई देखाउँदै उनले सेनाको लगानी व्यर्थ भएको टिप्पणी गरे । उनीसँगै यसअघि परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हालेकी बिमला पौडेल राईले पनि उस्तै अभिव्यक्ति दिइन । राईको तर्क छ- न नेपालको सेना भारतसँग लड्न सक्छ न चीनसँग, खाली तलब-भत्ता खुवाएर पालिरहन कुनै आवश्यकता छैन । आज वाग्ले र राईको तर्कले संसद तातिएको छ । बौद्धिक जमातमा बहस सिर्जना भएको छ । यही तर्कहरुको बीचमा कतिपयबाट सेनालाई निकै अपमानपूर्ण ढंगले टिप्पणी भएको छ । सेनाको संरचनाको अवमूल्यन भएको देखिन्छ ।

नेपाल एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र स्वाभिमानी राष्ट्र हो । त्यहीअनुरुपको भू-भाग र त्यसमा बसिआएका जनता अनि जनताका लागि बस्ने प्रबन्ध, सरकार प्रशासन-अदालत आदि सबै छ । यी सबैको सुरक्षार्थ-हेरविचार मूल जिम्मेवारी सेना-प्रहरीकै हुन्छ । यद्यपि नेपालको यो सेना-प्रहरीले अहिले त्यो जिम्मेवारी त्यति बहन गर्न नसकेको हुनसक्छ । तथापी, देश र जनताको सुरक्षार्थ यसका लागि जतिसुकै आर्थिक आवश्यकता परे पनि सेना बिनाको राष्ट्र बनाइनु मुलुकका लागि ठूलो राष्ट्रघात हुनेछ । यो त भुटानीकरणको सोंच हो । भुटानमा सेना छैन । केही बटालियन भारतीय सेनाले त्यसको सुरक्षा गरिरहेको छ । जसलाई हेर्दा प्रष्ट हुन्छ, भुटान सिक्किमीकरण उन्मूख छ ।

नेपालमा दुई ठूला देश चीन र भारतको बीचमा रहेको मुलुक मात्रै होइन, विश्व राजनीतिमा सामरिक महत्वको क्षेत्र पनि हो । पछिल्लो परिदृश्य हेर्दा, चीन र भारतले जति महत्व दिएका छन्, त्यो जत्तिकै महत्व अमेरिका र युरोपियन युनियनले दिएको छ । नेपालमा जसरी एमसीसी परियोजनाको सुरुवात भयो, यसबाट पनि प्रष्ट हुन्छ, अमेरिका नेपालभित्र कसरी छिर्दैछ ? अमेरिकाले एमसीसीपछि सुरक्षासम्बन्धी कार्यक्रम एसपीपीको प्रस्ताव नै गरेको छ । अमेरिकाले एमसीसी परियोजनाको सुरक्षार्थ आफ्नै सेना हुनुपर्ने तर्क पनि गरिरहेको छ । भारतले पनि पटक-पटक विभिन्न शीर्षकमा आफ्नो सेना नेपालमा पठाउने उपायहरु खोजिरहेको देखिन्छ । भारतीय सेना वा अमेरिकी सेना नेपाल भित्रिएमा नेपालको हालत के होला ? निकै सोंचनीय विषय छ ।

संसदमा जे-जसरी बहस उठान भएको छ, यसबाट प्रष्ट हुन्छ उनीहरुको नियत सफा छैन । उनीहरुको अभिव्यक्तिलाई जति निन्दा गरेपनि कम नै हुन्छ । बिडम्बनाको कुरा, यति गम्भीर विषय संसदमा उठान हुँदा सरकारको नेतृत्वकर्ता माओवादी केन्द्र र नेपाली कांग्रेस अनि प्रमुख प्रतिपक्षी नेकपा एमाले मौन छ । यी मुख्य दलहरुले यसबारे कुनै पनि टिप्पणी दिएका छैनन् । अरु त अरु यति गम्भीर विषय सदनमा छलफल भइरहँदा यी दलका सांसदहरुले नियमापत्तिसमेत जनाउन सकेनन् । यस्तो परिस्थिति किन बन्यो त ? किन सेनाकै संरचनामाथि प्रश्न उठाउने अवस्था बनाइयो ? अवस्था सामान्य देखिन्न ।

तत्कालिन नेकपा (माओवादी)ले २०६३ पछि सेना विघटनको कुरा गरेको थियो । तत्कालिन समय माओवादीले 'हरुवा सेना'को काम



*नेपालमा सेनाको संरचनालाई खारेज गर्ने गरी बहस उठ्नु भुटानीकरण गराउने योजना त होइन भन्ने आशंका उब्जन्छ । आज भुटानमा शक्ति सम्पन्न सेना छैन, त्यहाँको सुरक्षा भारतीय बटालीयनले गर्ने गरेको छ । आज भुटान सबै हिसाबले सिक्किमीकरण उन्मुख छ । नेपालमा सेनाको सन्दर्भलाई लिएर उठान भएको बहस भुटानीकरणको दिशातर्फ उन्मुख देखिन्छ ।*

छैन भन्ने तर्क गरेको थियो । तर पछि मुख्य नेतृत्वकर्ताले नै आफ्ना सेनाभन्दा नेपाली सेनालाई आफ्नो सुरक्षामा विश्वास गरेको देखियो । माओवादीले आफ्नो सेना नै नेपाली सेनामा गाभेर, आफ्नो सेनालाई व्यवसायीक बनायो । आज आफैंलाई सुरक्षा दिने र आफ्नै सेना गाभेको सेनाको संरचनालाई लिएर बहस भइरहँदा उसले मौनता देखाएको छ ।

संसारमा सेना बिनाका देश नभएका पनि होइनन् । स्वीजरलेण्ड त्यसको एउटा उदाहरण हो । उसले आफ्नो राष्ट्रलाई शान्ति क्षेत्र घोषित गरेको छ । पूरा युरोप र अरु विश्वले त्यसलाई स्वीकार गरेका छन् । कुनै बेला नेपाललाई पनि शान्ति क्षेत्र घोषणा गर्ने प्रस्ताव पूर्व राजा वीरेन्द्रले अघि सारेका थिए । त्यसमा सबैभन्दा विरोध गर्ने भारत नै रह्यो । जसका कारण त्यो हुन सकेन । यदि कसैले नेपाललाई सेनारहित मुलुक साँच्चै नै चाहेको हो भने त्यस्तै 'शान्ति क्षेत्र नेपाल' को प्रस्ताव यो सदनमा अघि सारी भारत, चीन अनि अमेरिकालाई त्यसको पक्षमा उभिन बाध्य पार्न सक्नुपर्दछ । तब मात्रै नेपालमा सेना खारेजीको अर्थ हुन्छ । तर, उनैको प्रभावबाट सेना खारेजीको बहस गरिनु दुर्भाग्यपूर्ण छ ।

निश्चय पनि नेपाली सेना राष्ट्रको हितमा पूर्ण परिचालन हुन सकेका छैनन् । सेनाको व्यवसायीक भूमिकामाथि थुप्रै प्रश्न उब्जिएका छन् । पूर्व राजा वीरेन्द्रको वंशनासको घटनाक्रमले नेपाली सेनाको भूमिकामाथि निकै सन्देह पैदा गराउँछ । साथै, सेनाको संरचनामा माथिल्ला तहमा देखिएको राजशी शैली निकै सोंचनीय विषय पनि छ । तथापी, त्यसभित्र थुप्रै देशभक्त, जनवादी र शोषित पीडित गरिब सेनाहरु पनि छन् । मुलुकको सबैभन्दा चिन्ता गर्ने तप्का पनि त्यहीँ छ । सायद, त्यही तप्काको कारण पनि तत्कालिन व्यवस्था परिवर्तनमा सेना मौन रह्यो । सेनाले मौनरुपमा व्यवस्था परिवर्तनलाई सघायो ।

निश्चय नै सेनाको पुनर्संरचना आवश्यक छ । सेनालाई समयानुकुल परिवर्तन गरिनु पर्दछ । तर, यसको अर्थ सेनाको संरचना नै खारेजी गर्ने कोणबाट बहस हुनु सर्वथा गलत छ । आज पनि कुनै समय घाम नअस्ताउने ब्रिटिश साम्राज्य नेपालीलाई सेनामा भर्ती गराउन लालायित देखिन्छ । भारतले त बेग्लै बटालियनकै प्रस्ताव गरेको छ । आज पनि खाडी मुलुकमा सुरक्षाको निम्ति नेपालीहरुको माग उच्च छ । जहाँ नेपालीहरुलाई निकै शाहसीका रुपमा लिने गरिन्छ । तर, हामी आफैंले गर्भिलो इतिहास बोकेको सेनालाई अपमान गरेर विकल्प खोज्ने वातावरण तयार गरिनु सर्वथा गलत छ ।

निष्कर्षमा, नेपाली सेनाको कटौती वा खारेजीको सन्दर्भ आन्तरिकभन्दा बाह्य योजनाबाट आएको देखिन्छ । जुन ढिलोचाँडो खुल्दै जाने कुरामा स्पष्ट छ । आज जसरी सेनाको अस्तित्वमाथि प्रश्न उठाइएको छ, यसको डिजाइन मुलुकलाई भुटानीकरण गराउँदै सिक्किमीकरणमा लैजाने विषय हो । यसले नेपालको अस्तित्व नै समाप्त गर्न सक्छ । नेपालमा सेनाको संरचनालाई खारेज गर्ने गरी बहस उठ्नु भुटानीकरण गराउने योजना न त होइन भन्ने आशंका उब्जन्छ । आज भुटानमा सेना छैन, त्यहाँको सुरक्षा भारतीय बटालीयन गर्ने गरेको छ । आज भुटान सबै हिसाबले सिक्किमीकरण उन्मुख छ । नेपालमा सेनाको सन्दर्भलाई लिएर उठान भएको बहस भुटानीकरणको दिशातर्फ उन्मुख देखिन्छ । विश्व राजनीतिमा जसरी नेपालको महत्व बढ्दै गएको छ, जसरी यो भूगोललाई महत्वका साथ हेरिएको छ, यस्तो परिस्थितिमा हामी हाम्रो सेनालाई थप आधुनिकीकरण र व्यवसायीक बनाउन आवश्यक छ । सेनालाई निष्ठावान बनाउन आवश्यक छ । सेनाप्रति उठेका प्रश्नलाई समाधान गर्न सेनाभित्र पुनर्संचनाको खाँचो देखिन्छ । तर, यसको खारेजीको कोणबाट उठेको बहस सर्वथा गलत छ । आम नेपाली यो विषयमा सजग र सचेत हुनुपर्छ ।

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

हाम्रो युवाशक्ति जति विदेशिएको छ ती सबैलाई स्वदेशमै उपयुक्त रोजगारी दिन सक्दा हाम्रो देश कति उन्नत बन्थ्यो होला ? उनका परिवार कति सुखी हुन्थे होला ? शिक्षा र स्वास्थ्यका लागि विदेश जानु नपर्ने भए देशको धन कति बच्थ्यो होला ? अनावश्यक कुरामा समय खर्च भएको छ अब त चेतौं !



**- विनोद न्यौपाने**

सामाजिक सञ्जाल डरलाग्दो छ, तुरुन्तै भ्रष्ट्राचार, कमिसन, विकृति र विसङ्गति र नेतृत्व र सरकारबाट गरिएका दुर्व्यवहार आदि डढेलो जसरी फैलन्छ । सर्वसाधारणमा पुग्छ । यहाँ लेख्न कांग्रेसको बैठकमा प्रतिबन्ध लगाउने अगाडी सारे तर, शक्ति विकेन्द्रित र मुलुक संघीयतामा भएको भुले । यसले छोड्दैन !



**- निर्मल प्रसाइँ**

विधि, थिति, पद्धति, सुशासन, कानुन, न्याय, भनेर नथाक्नेहरु पदमा पुगेपछि गुण्डाको मुद्दा फिर्ता लिन्छन्, गुण्डाको बचाऊ गर्छन्, गुण्डाको प्रवक्ता बन्छन्, गुण्डाको पक्षपोषण गर्छन्, गुण्डाको हितैषी बन्छन्, गुण्डाको शुभचिन्तक बन्छन् । पदले मानिसलाई प्रशिद्धि दिन्छ तर, मानवीय गुण रहन दिँदैन ।



**- सिर्जना घिमिरे**

संसदको यो कार्यकालमा अवरोधले रेकर्ड राख्ने भयो । जनताका आशा, अपेक्षा राजनीतिक दाउपेचको शिकार हुँदैछ । संसद जनताको थलो होइन, तुष पाल्ने र फ्याल्ने ठाउँ बन्दैछ । केहीका कुरा मिल्दा, सब मिल्ने, नमिल्दा सबै बिग्रने, कहिलेसम्म ? के यसैका लागि हो ताजा जनादेश ? अब प्रश्न गरौं ।

# दर्शन र मानव समाज

विचार



● हस्तबहादुर केसी

*द्वन्द्वात्मक भौतिकवाद प्रकृति, मानव, समाज एवम् चिन्तनमा विद्यमान गतिका आम नियमहरुको अध्ययन गर्ने र त्यही आधारमा समाज र संसारलाई फेर्नका लागि प्रेरित गर्ने, मार्गदर्शन गर्ने सर्वहारा वर्गको विश्वदृष्टिकोण हो । यसको विशेषता खाली सिद्धान्तसम्म सीमित हुनु होइन, त्यो सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्नु पनि हो । अधिभूतवादीहरुले पदार्थलाई जड मान्दछन्, त्यस कारण उनीहरूले हरेक वस्तुको निर्माणको लागि भित्रि होइन, बाहिरी कारणलाई प्रधानता दिन्छन् ।*

दर्शन विश्व ब्रह्माण्डका बारेमा हेर्ने, देख्ने, बुझ्ने, व्याख्या गर्ने र त्यसलाई बदल्ने साधनको नाम हो । दर्शनको शाब्दिक अर्थ हेर्नु भन्ने हुन्छ । तसर्थ, दर्शन भनेको मानिसको भित्रि आँखा हो । त्यसै आँखाका भरमा उसले हरेक वस्तुलाई हेर्ने, जाँच्ने, बुझ्ने र त्यहीअनुसार उसले आफ्नो बाटो ठम्याउने गर्दछ ।

वर्गीय समाजमा दर्शन पनि वर्गीय हुन्छ । मुलतः आदर्शवादी दर्शन र भौतिकवादी दर्शनका रूपमा यसलाई विभाजन गर्न सकिन्छ । जसले चेतना (आत्मा) पहिलो हो, चेतनाबाट पदार्थको जन्म भएको हो भन्ने कित्ता समाउँछ उ आर्दशवादी दर्शनको कित्तामा पर्दछ । जसले पदार्थ (वस्तु) पहिलो हो र पदार्थबाट चेतनाको जन्म भएको हो, अर्थात् पदार्थको उच्चतम (विकसित)रूप नै चेतना हो भन्ने बुझ्दछ, उ भौतिकवादी दार्शनिक कित्ताभित्र पर्दछ । यसरी दार्शनिकहरु दुई विपरीत कित्तामा विभाजित हुन पुगेका छन् ।

यस विश्व ब्राह्मणको सृष्टि कुनै अदृश्य शक्तिबाट भएको हो । यसको सृष्टि हुनुमा अलौकिक शक्ति, ईश्वरीय देन रहेको छ भन्ने दार्शनिकहरु आदर्शवादी (आध्यात्मवादी) दार्शनिक फाँटभित्र पर्दछन् भने यसको ठिक विपरीत यस विश्व ब्रह्माण्डको उत्पत्ति (जन्म) स्वनिर्मित छ । यसको आदि र अन्त्य हुनुमा सार्वभौम (वैज्ञानिक) नियम छ । मान्छेको इच्छा र चाहनाले नभएर स्वचालित नियमबमोजिम यसको आदि अन्त्य हुन्छ भन्ने चिन्तन वैज्ञानिक (भौतिकवादी) चिन्तन हो । यसको ठिक विपरीत ईश्वरीय कल्पनाबाट कुनै पनि वस्तुको जन्म र अन्त्य हुन्छ भन्ने चिन्तन आदर्शवादी (अवैज्ञानिक) चिन्तन हो ।

हरेक वस्तु गतिशील छ, परविारशील छ, द्वन्द्ववादी छ भन्ने दार्शनिक दृष्टिकोण भौतिकवादी दार्शनिक फाँटभित्र पर्दछ भने यसको ठिक विपरीत कुनै पनि वस्तु स्थिर छ, गतिहिन छ, अपरिवर्तनीय छ, यसलाई ईश्वर (अदृश्य शक्ति)ले सञ्चालन गर्दछ भन्ने दृष्टिकोण आदर्शवादी फाँटभित्र पर्दछ । आदर्शवादी दर्शन सबै खाले प्रतिक्रियावादी वर्गको दर्शन हो भने द्वन्द्वात्मक भौतिकवाद सर्वहारा वर्गको पक्षधर दर्शन हो । त्यसैले द्वन्द्वात्मक भौतिकवाद सर्वहारा वर्गको आफ्नै आँखा र आफ्नै मुक्तिको दर्शन हो । यसले संसारभरका श्रमजीवीहरुको पक्षमा बोल्छ र उनीहरू कै भलो गर्दछ । द्वन्द्वावाद र भौतिकवादको मिलनबाछ द्वन्द्वात्मक भौतिकवाद बन्दछ ।

### के हो द्वन्द्ववाद ?

यस विश्व ब्रह्माण्डमा अस्तित्वमा रहेका कुनै पनि वस्तुको अस्तित्व त्यसमा निहित नयाँ र पुरानो, जीवनशील र मरणशील दुई विरोधी पक्षबीचको लडाइँमा आधारित हुन्छ र त्यसैको लडाइँबाट नयाँ वस्तु जन्मन सक्छ । वस्तुमा रहेको यसै लडाइँ अर्थात् गति वा अन्तर्विरोधको अध्ययन गर्ने पद्धतिको नाम द्वन्द्ववाद हो ।

द्वन्द्ववाद र भौतिकवाद दुवै पहिलेदेखि नै बेग्ला-बेग्लैरूपमा विकसित हुँदै आएका थिए । द्वन्द्ववाद, आदर्शवाद र भौतिकवाद अधिभूतवादका शिकार थिए । द्वन्द्ववादको राम्रो विकास हेगेलले गरेका हुन् । तर उनले त्यो द्वन्द्ववादलाई निरपेक्ष विचार, परमात्मामा लागु गरे । उनले 'परमात्मा वा विचारको विकास भएर वस्तुगत जगत बन्छ र त्यो वस्तुगत जगत विकसित हुँदै त्यही निरपेक्ष विचार वा परमात्मामा पुग्दछ' भनेका थिए । त्यो हेगेलको आदर्शवादी विचार थियो । कार्ल मार्क्सले यसरी टाउकोले टेकेर उभिएको द्वन्द्ववादलाई खुट्टाको भरमा टेकाउने काम गरेका थिए ।

### भौतिकवाद के हो ?

यो वस्तुगत जगत अर्थात् विश्व ब्रह्माण्ड र सारा संसार पदार्थबाट नै बनेको हो । पदार्थ वा प्रकृति नै पहिलो हो, ईश्वर छैन, यो काल्पनिक कुरा हो विचार वा परमात्माबाट जगत बनेको होइन । यी कुराहरु बताउने सिद्धान्तको नाम भौतिकवाद हो । यिनै अर्थात् द्वन्द्ववाद र भौतिकवाद दुबै पहिलेदेखि नै बेग्लाबेग्लै रूपमा विकसित हुँदै आएका थिए । द्वन्द्ववाद, आदर्शवाद र भौतिकवाद अधिभूतवादका शिकार थिए । द्वन्द्ववादको राम्रो विकास जर्मन दार्शनिक हेगेलले गरेका हुन् । तर त्यो द्वन्द्ववादलाई हेगेलले निरपेक्ष विचार, परमात्मामा लागु गरेका थिए । उनले परमात्मा वा विचारको विकास भएर वस्तुगत जगत बन्दछ र त्यो वस्तुगत जगत, फेरि विकसित हुँदै त्यही निरपेक्ष विचार वा परमात्ममा पुग्दछ भनेका थिए । यो हेगेलको आदर्शवादी विचार थियो । मार्क्सले यसरी टाउकोले टेकेर उभिएको द्वन्द्ववादलाई खुट्टाको भरमा टेकाउने काम गरेका छन् ।

यी सबै काममा मार्क्सका अनन्य मित्र फ्रेडरिक एंगेल्सको विशेष भूमिका रहेको थियो । र, यसरी द्वन्द्वात्मक भौतिकवादी दर्शनको जन्म भयो । यस दर्शनमा लेनिन तथा माओ त्सेतुङले थप विकास गरे र आज यो मार्क्सवादी-लेनिनवादी-माओवादी दर्शन बन्न पुगेको छ । यही मार्क्सवादी-लेनिनवादी-माओवादी दर्शन नै सर्वहारा वर्गको विश्वदृष्टिकोण अर्थात् पथप्रदर्शक सिद्धान्त बन्न पुगेको छ । द्वन्द्वात्मक भौतिकवाद प्रकृति, मानव, समाज एवम् चिन्तनमा विद्यमान गतिका आम नियमहरुको अध्ययन गर्ने र त्यही आधारमा समाज र संसारलाई फेर्नका लागि प्रेरित गर्ने, मार्गदर्शन गर्ने सर्वहारा वर्गको विश्वदृष्टिकोण हो । यसको विशेषता खाली सिद्धान्तसम्म सिमित हुनु होइन, त्यो सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्नु पनि हो । अधिभूतवादीहरुले पदार्थलाई जड मान्दछन्, त्यस कारण उनीहरूले हरेक वस्तुको निर्माणको लागि भित्रि होइन, बाहिरी कारणलाई प्रधानता दिन्छन् । वस्तु वा प्रकृतिलाई गतिहीन ठान्ने भएकाले तिनलाई बाहिरबाट गति दिने तत्वको रूपमा ईश्वर, परमात्मा वा कुनै अलौकिक शक्तिलाई स्थान दिन्छन् । यस कारण उनीहरूले पदार्थ र चेतना शरीर वा मन तथा समस्त वस्तुगत जगत र विचार जगतबीच कुनै साइनो देख्दैनन् । र तिनलाई आपसमा अलग्याउछन् ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | जोखिम लिनु हुँदैन । पारिवारिक जीवन सुखी रहनेछ । |
| वृष : | सन्तान सुख प्राप्त हुनेछ । लेनदेनमा सावधानी राख्नुहोला । |
| मिथुन : | सामाजिक सहयोग बढ्नेछ । अशान्तिमा वृद्धि हुनेछ । |
| कर्कट : | दैनिक जीवन सुखी रहनेछ । साहसी कार्य सफल हुनेछ । |
| सिंह : | वैदेशिक यात्रा हुने योग छ । अध्यापनमा रुचि बढ्नेछ । |
| कन्या : | पारिवारिक कार्यमा सफलता मिल्नेछ । भौतिक साधन उपलब्ध भइरहनेछ । |
| तुला : | कृषिजन्य कार्यमा लाभ, घरेलू कार्यमा अनावश्यक खर्च हुनेछ । |
| वृश्चिक : | राजनैतिक कार्य सफल हुनेछ । अर्कामाथि विश्वास गर्ने समय छैन । |
| धनु : | पुरानो मित्रहरुसित भेटघाट हुनेछ । यात्रामा ध्यान दिनुहोला । |
| मकर : | अनावश्यक विवाद हुने योग छ । बाहिरी सहयोग प्राप्त हुनेछ । |
| कुम्भ : | प्रियजनसँग भेटघाट हुनेछ । आकस्मिक धनलाभको योग छ । |
| मीन : | लेनदेनमा सावधानी राख्नुहोला । मनोबल उच्च रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नाइजरमा सैन्य विद्रोह संविधान निलम्बनको घोषणा



**काठमाडौं/एजेन्सी–** पश्चिम अफ्रिकी मुलुक नाइजरमा सैनिक विद्रोह भएको छ । सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ ।

सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ । सेनाले देशको सिमाना बन्द गरेको बताएको छ ।

राजधानी नियामेस्थित राष्ट्रपतिको निवास र कार्यालयसम्म जाने बाटो बन्द गरिएको छ भने बन्दी बनाइएका राष्ट्रपतिलाई रिहा गर्न सेनाले अस्वीर गरेको छ । बुधबार राति १० बजेदेखि बिहान ५ बजेसम्म अर्को सूचना नभएसम्मका लागि 'कर्फ्यु' आदेश जारी गरिएको थियो ।

'हामी, रक्षा र सुरक्षा बलहरूले राष्ट्रपति बाजुमको शासनको अन्त्य गर्ने निर्णय गरेका छौं,' अन्य नौ जना वर्दीधारी सैनिकबाट घेरिएका कर्णेल अमाडो अब्द्रामानेले बुधबार राति टेलिभिजन सम्बोधनमार्फत घोषणा गरे ।

विश्व तथा क्षेत्रीय नेताहरूले बाजुमलाई रिहा गर्न आह्वान गरेका छन् । दुई वर्ष अघि उनले नाइजरको सत्ता सम्हालेका हुन् । छिमेकी बेनिनका राष्ट्रपति प्याट्रिस टालोन मध्यस्थता प्रयासका लागि नियामेतर्फ प्रस्थान गर्ने तयारीमा रहेको पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदायले जनाएको छ । राष्ट्रपति र उनको परिवार सकुशल रहेको सेनाले बताएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस र अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिंकेनले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई निःसर्त तत्काल रिहा गर्न आह्वान गरेका छन् । अफ्रिकी संघ र युरोपेली संघले पनि सैन्य विप्लवको विरोध गर्दै राष्ट्रपति बाजुमको रिहाइको माग गरेका छन् ।

यसैबीच सैनिक हिरासतामा रहेका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो संघर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजरवासी आफ्नो पक्षमा रहेको उनले बताएका छन् । सामाजिक सञ्जालमार्फत उनले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता व्यक्त गरेका हुन् ।

अफ्रिकी र अन्तर्राष्ट्रिय संगठनले सैन्य विद्रोहको निन्दा गरेका छन् । साथै नाइजरका पश्चिमा सहयोगीले पनि सैनिक कारबाहीको निन्दा गर्दै अविलम्ब राष्ट्रपतिलाई रिहा गर्न र लोकतान्त्रिक पद्धतिमा फर्कनन आह्वान गरेका छन् ।

नाइजरका विदेश मन्त्री हसौमी मसुदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिएका छन् । उनले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गरेका छन् । साथै उनले राष्ट्रपति सकुशल रहेको स्पष्ट गरेका छन् ।

# पाकिस्तानको पञ्जाबमा बाढी, हजारौं विस्थापित

**काठमाडौं/एजेन्सी–** पाकिस्तानको पञ्जाब प्रान्तमा चिनाब नदीको किनारमा आएको बाढीका कारण कम्तीमा ५० गाउँ डुबानमा पर्दा हजारौं मानिस विस्थापित भएका अधिकारीहरूले बिहीबार बताएका छन् ।

मनसुनी वर्षाका कारण आएको बाढीका कारण यस महिनाको सुरुमा प्रान्तका अन्य गाउँबाट १४ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो । 'चिनियोट फ्लड कन्ट्रोल रुम'का अधिकारी औरोङ जैबले मौसमी वर्षाका कारण पानीको सतह बढेको बताए । 'नदी कटानका कारण तल्लो भेगका गाउँहरू बाढीबाट प्रभावित भएका छन्,' उनले एएफपीसँग भने ।

छिमेकी भारतले सिन्धुनदीमा पानी छोड्न स्लुइस गेट खोलेपछि पनि नदीको सतह प्रभावित भएको छ । अधिकारीहरूले चिनाब नदीमा सुरक्षात्मक तटबन्ध निर्माण गर्ने योजना घोषणा गरेका छन् तर आगामी दिनमा अझै बाढी आउने चेतावनी दिएका छन् ।

दक्षिण एसियाको वार्षिक वर्षाको ७० देखि ८० प्रतिशत वर्षा जुनदेखि सेप्टेम्बरसम्म मनसुनले गर्छ । करिब दुई अर्ब जनसंख्या भएको यस क्षेत्रमा लाखौं किसानको जीविकोपार्जनका लागि यो महत्वपूर्ण छ तर यसले पहिरो र बाढी पनि ल्याउँछ । वैज्ञानिकहरुका अनुसार जलवायु परिवर्तनले मौसमी वर्षालाई भारी र अप्रत्याशित बनाइरहेको छ ।

पाकिस्तान दीर्घकालीन जलवायु जोखिमको खतरामा रहेका देशहरूमध्ये एक हो । सन् २०२२ मा देशको करिब एक तिहाइ भूभाग डुबानमा परेको विनाशकारी बाढीका कारण तीन करोड ३० लाखभन्दा बढी मानिस प्रभावित भएका थिए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०४/१२**

**अभिरुप कन्सर्न प्रा.लि.** (Avirup Concern Pvt. Ltd.) को मिति २०८०/०२/१० गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुवेक्षा इन्टरप्राइजेज प्रा.लि.** (Subekshya Enterprises Pvt. Ltd.) **(प्रा.लि. नं.: २३९३५२)** कायम गर्ने गरी मिति २०८०/०३/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०४/१२**

**जनसेवा डेन्टल होम प्रा.लि.** (Janasewa Dental Home Pvt. Ltd.) को मिति २०८०/०२/१० गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साहारा दाँत उपचार केन्द्र प्रा.लि.** (Sahara Daat Upachar Kendra Pvt. Ltd.) **(प्रा.लि. नं.: ९७५१४)** कायम गर्ने गरी मिति २०८०/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा रोजगार | कम्पनीः BENMAS TRAD & CONT. W.L.L. शहरः DOHA

पुर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२४५ LT. No.: 289983

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०७७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Representative | 1 | 0 | | 2500 | ८९८२५ | | | | | | | |
| 3. | Sales Manager | 1 | 0 | | 5700 | २०४८०१ | | | | | | | |
| 4. | Store Manager | 1 | 0 | | 5700 | २०४८०१ | | | | | | | |
| 5. | Salesman | 2 | 0 | | 1300 | ४६७०९ | | | | | | | |
| 6. | Dry Clean Worker | 2 | 0 | | 1000 | ३५९३० | | | | | | | |
| 7. | Account Manager | 1 | 0 | | 3600 | १२९३४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CareerLink Recruitment Services Pvt. Ltd.
Gov Lic No: 1625/079/080
Iso 9001-2015 Certified Recruitment Agency
क्यारियरलिङ्क रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि.
Basundhara- 3,Kathmandu, Nepal
Tel.: 01-5916337,5916437
Mobile: 9860949577
Email: info@careerlinkrecruitment.com
URL : www.careerlinkrecruitment.com
Way to a success career

## कतारमा रोजगार | कम्पनीः MOMENTUM ROCK TRADING AND SERVICES शहरः Qatar, Doha

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२३२ LT. No.:290002

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Consult | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८९८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८९८२५ | | | | | | | |
| 3. | Manager Variety | 1 | 0 | | 5700 | २०४८०१ | | | | | | | |
| 4. | Storekeeper | 2 | 0 | | 1900 | ६८२६७ | | | | | | | |
| 5. | Supervisior | 4 | 0 | | 2500 | ८९८२५ | | | | | | | |
| 6. | Welder | 5 | 0 | | 1100 | ३९५२३ | | | | | | | |

कम्पनीः ALTRON TRADING AND CONTRACTING WLL शहरः Qatar, Doha

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२५४ LT. No.:290001

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1200 | ४३११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | | 1200 | ४३११६ | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1200 | ४३११६ | | | | | | | |
| 4. | Electric | 1 | 0 | | 1200 | ४३११६ | | | | | | | |
| 5. | Extinguishing Technician | 1 | 0 | | 1200 | ४३११६ | | | | | | | |
| 6. | Maintenance Engineer | 3 | 0 | | 4200 | १५०९०६ | | | | | | | |
| 7. | Structural Drawer | 1 | 0 | | 3600 | १२९३४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Diamond Star Overseas Pvt. Ltd.
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086

## ROMANIA मा रोजगार | कम्पनीः MULTI PROFESSIONAL SOLUTIONS SRL शहरः Romania

पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.:६०१८३७९४ LT. No.: 267192 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Helper | 13 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७१९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 650 | ८५०८५ | | | | | | | |
| 3. | Construction Worker | 1 | 0 | | 600 | ७८५४० | | | | | | | |
| 4. | Agriculture Worker | 1 | 0 | | 550 | ७१९९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन २१ गते (6 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

डिभाईन इन्साईट ओभरसिज प्रा. लि.
धुम्बाराही (टेनिस्कोर्ट पछाडी), (श्रम इजाजत नं. ९६४/०६७/०६८)
फोनः ०१-४३७१५९, निरन्जनः९८४३४१७७१४, हरिः ९८०३१०१६५७

## साउदी र कतारमा रोजगार | कम्पनीः LIFE CREATIVITY INVESTMENT COMPANY शहरः Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२७९ LT. No.: 289952

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 1 | 0 | स. काममा दक्ष | 2200 | ७६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः DAR AL HUDA CONTRACTING & CLEANING & HOSPITALITY शहरः Doha

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२७३ LT. No.: 289928

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant/auditor | 0 | 10 | सम्बन्धित काममा दक्ष | 3600 | १२९,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Accountant General | 0 | 20 | | 3600 | १२९,३४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Zia International Services Pvt. Ltd.
(Al Quraish International (P) Ltd.)
Gaushala-9, Kathmandu, Tel.: 01-4475555
Email: ziaintls@gmail.com | www.ziaintlservices.com
Gov. Lic. No. 633/063/064

## Free Visa ! Free Ticket ! Free Requitment ! कतारमा रोजगारको अवसर

" No Fees Will Be Charged To Workers At Any Phase In The Recruitment, Selection, And Hiring Or Deployment Process."

कम्पनी :ENGINEERING MAINTENANCE COMPANY EMCO शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/०४/११ चलानी नं.: ६०२०५२७४ LT. No.:289984

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 15 | 0 | | 1100 | ३९,५२३ | | | | | | | |
| 3. | Painter | 8 | 0 | | 1100 | ३९,५२३ | | | | | | | |
| 4. | Plumber | 5 | 0 | | 1100 | ३९,५२३ | | | | | | | |
| 5. | Technician | 5 | 0 | | 1100 | ३९,५२३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ४५६५४९४, मो.: ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUKSEL INSAAT SAUDIA CO LTD शहर : Riyadh

पूर्व स्वीकृत मितिः२०८०/०४/११ चलानी नं.: ६०२०५२७२ LT. No.:290053

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## मलेसियामा रोजगारको अवसर | कम्पनी : CASTELLO ITALIA SOFA SDN. BHD. शहर : JOHOR

पुर्व स्वीकृत मितिः२०८०/०४/११ चलानी नं.:६०२०५२४८ LT. No.:

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AASHIN OVERSEAS PVT. LTD.
श्रम ई. पत्र नं. १२३५/०७४/७५
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037

## Bahrain मा रोजगार | कम्पनीः ARMADA RETAIL CONCEPT TRADING CO WL शहरः BAHRAIN

पुर्व स्वीकृत मितिः २०८०/०४/१० चलानी नं.: ६०२०५२२९ LT. No.:289961

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३४७२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 2 | 0 | | 200 | ६९४५४ | | | | | | | |
| 3. | Data Entry | 3 | 0 | | 150 | ५२०९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० साउन १९ गते (4 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

